अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
...श्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## संवत् २०८० साल बैशाख २७ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु:

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकको समीक्षा | यस गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०७९ साल चैत्र २८ र २९ गतेको बैठकका निर्णय कार्यान्वयन सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको प्रतिवेदन स्वीकृत गर्ने र निर्णयहरुको पूर्ण कार्यान्वयन भई शत प्रतिशत प्रगती भएको हुँदा निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको। |
| २. | प्रशासन शाखा | तपसिलका नियमावली तथा कार्यविधि स्वीकृत गर्ने<br><br>तपसीलः<br><br>(क) अपिहिमाल गाउँ कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०८०<br>(ख) अपिहिमाल गाउँपालिका गाउँ कार्यपालिका (कार्यविभाजन) नियमावली, २०८०<br>(ग) अपिहिमाल गाउँपालिकाको कन्टिन्जेन्सी रकम खर्च सम्बन्धी कार्यविधि, २०८०<br>(घ) अपिहिमाल गाउँपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि, २०८०<br>(ङ) अपिहिमाल गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८०<br>(च) अपिहिमाल गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्य संचालन कार्यविधि, २०८०<br>(छ) अपिहिमाल गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० |
| ३. | आर्थिक प्रशासन शाखा | यस गाउँपालिकाले मिति २०८० साल बैशाख १४ देखि २२ गते सम्म आयोजना गरेको अपिबेश क्याम्प भ्रमण सप्ताहमा खर्च भएको रकम विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च शीर्षक र पर्यटन पूर्वाधार विकास गुरुयोजना शीर्षकबाट भुक्तानी दिन गाउँपालिकाको कार्यालयलाई निर्देशन तथा स्वीकृति दिने। |
| ४. | पूर्वाधार विकास / योजना शाखा | नेपाल पर्यटन बोर्ड र गाउँपालिकाको साझेदारीमा यस गाउँपालिकाको वडा नं. ५ स्थित मकरीगाडमा पर्यटकीय सूचना केन्द्र र पर्यटकीय पदमार्गमा पर्ने चौलानी खोला, धौली ओढार, भभया खोला, कालीढुङ्गा र रोखापु खोलामा काठे पुल लगायतका पर्यटकीय पूर्वाधार निर्माणको आवश्यक कारवाही अगाडी बढाउन गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने। |

ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

| | | |
|---|---|---|
| ५. | कृषि विकास/ पशुपंछी विकास शाखा | आत्मनिर्भरताका लागि कृषि उत्पादन कार्यक्रम कार्यान्वयन एकिकृत कार्यविधि,२०७९ बमोजिम कृषि विकास तथा पशुपंछी तर्फका कार्यकक्रम गर्न पेश हुन आएको प्रस्ताव स्वीकृत गर्ने र कृषि तर्फ गाउँपालिका भित्र रहेको खेती योग्य बाँझो जमिनमा कृषि उत्पादन कार्यक्रम र पशुपन्छी तर्फ वडा नं. २ मा गरिवी न्यूनिकरण तथा मासुमा आत्मनिर्भरताको लागि बाख्रा पालन प्रवर्धन कार्यक्रम संचालन गर्न गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने। |
| ६. | कृषि विकास शाखा | यस अपिहिमाल गाउँपालिकामा रिक्त रहेको कृषि स्नातक पदका लागि कृषि स्नातक छनौट सम्बन्धी कार्यविधि बमोजिम विज्ञापनको सूचना प्रकाशित गरी पदपूर्ति गर्न गाउँपालिका कार्यालयलाई निर्देशन तथा स्वीकृती दिने। |
| ७. | अध्यक्ष ज्यूको सचिवालय | यस गाउँपालिकाको कृषि तथा पशुपंछी तर्फको विकासका क्रियाकलाप लगायतमा आवश्यक सल्लाह सुझावका लागि श्री खण्डेश्वरी माध्यामिक विद्यालयमा वाली बिज्ञान तर्फ कार्यरत शिक्षक श्री महेन्द्र सिंह धामीलाई गाउँपालिकाका अध्यक्षज्यूको अवैतानिक सल्लाहकारका रुपमा नियुक्त गर्ने। |
| ८. | पूर्वाधार विकास/ योजना शाखा | मिति २०८० साल बैशाख ०४ गते प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित पर्यटकीय पिसिसि पदमार्ग निर्माण कार्य वडा नं. ४ (ठेक्का नं. ०५-०७९/०८०/TPCW/NCB/AHRM) को सूचना मार्फत माग गरिएको बोलपत्र नेपाल सरकारबाट यस गाउँपालिकाको अन्तिम किस्ताको वित्तीय समानीकरण अनुदानको रकम पचास (५०) प्रतिशतले कटौती भई प्राप्त भएको र सुदुरपश्चिम प्रदेश सरकारबाट पनि चालु आर्थिक वर्षको वित्तीय समानीकरण अनुदान रकममा पचास (५०) प्रतिशत कटौती गरी प्राप्त भएकाले स्रोत अभावका कारण कार्य गर्न नसकिने हुँदा उक्त ठेक्का रद्ध गर्न गाउँपालिका कार्यालयलाई निर्देशन दिने। |
| ९ | सूचना प्रविधि शाखा | यस अपिहिमाल गाउँपालिकाको उर्जा सम्बन्धी कार्य गर्ने गरी देहाय बमोजिमको उर्जा विकास उप-समिति गठन गर्ने।<br><br>**<u>तपसिल:</u>**<br>क) ६ नं. वडा अध्यक्ष श्री धर्म सिंह धामी - संयोजक<br>ख) का.पा.सदस्य श्री राईमती ठेकरे - सदस्य<br>ग) का.पा.सदस्य श्री गिता देवी रोकाया - सदस्य<br>घ) का.पा.सदस्य श्री बिन्ता जागरी - सदस्य<br>ङ) का.पा. सदस्य श्री प्रिमे कामी - सदस्य |

ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | |
|---|---|---|
| १० | वहुक्षेत्रीय पोषण | वहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत अनुदानका लागि गाउँपालिकाबाट प्रचलित नियमानुसार छनौट गरिएका आमा समूहरुलाई व्यवसाय गर्न उद्यमशीलता तालिम संचालनका लागि हुने खर्चको अन्य कार्यालय संचालन खर्च शिर्षकबाट भुक्तानी दिन गाउँपालिका कार्यालयलाई निर्देशन तथा स्वीकृती दिने। |
| ११ | अध्यक्ष ज्यूको सचिवालय | यस अपिहिमाल गाउँपालिकाको फोटो पत्रकारिता मार्फत गाउँपालिकाको पर्यटन प्रवर्धन कार्य गरिरहेका महाकाली नगरपालिका वडा नं. ३ दार्चुला निवासी श्री हिमालय भट्टलाई गाउँपालिकाको अवैतानिक पर्यटन सदभावनादुतका रुपमा नियुक्त गर्ने । |
| १२ | प्रशासन शाखा | गाउँपालिकाको कार्यालयमा दुई (२) जना र वडा नं. २ को कार्यालय बाहेक अन्य सबै वडा कार्यालयमा एक/एक जना कार्यालय सहयोगी दैनिक ज्यालादारी (डोरहाजिरी) मा राखि कामकाजमा लगाउन गाउँपालिकाको कार्यालयलाई निर्देशन तथा स्वीकृती दिने । |
| १३ | शिक्षा, युवा तथा खेलकूद शाखा | यस अपिहिमाल गाउँपालिकाको शिक्षा यूवा तथा खेलकूद शाखाको आर्थिक वर्ष २०७९/०८० को बार्षिक स्वीकृत कार्यक्रम अन्तरगत पाठ योजना तथा कार्यपुस्तिका शीर्षकमा विनियोजन भएको रकम अपुग भएको हुँदा पाठ योजना तथा कार्यपुस्तिका कार्यक्रममा खर्च भएको अपुग हुन गएको रकम सिकाई मेला शीर्षकबाट भुक्तानी दिन गाउँपालिकाको कार्यालयलाई निर्देशन तथा स्वीकृती दिने। |
| १४ | वडा नं. ५ को कार्यालय | यस अपिहिमाल गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को वडा नं. ५ को वडागत बजेटमा विनियोजन भएको आमा समूहहरुको क्षमता विकास शीर्षकको रकम बाट वडा नं. ५ ले आयोजना गरेको नारी दिवश कार्यक्रममा भएको खर्चको भुक्तानी दिन गाउँपालिका कार्यालयलाई निर्देशन दिने। |

ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत